महाभारत गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

देविटार, काभ्रेपलाञ्चोक

स्था. २०७३

बागमती प्रदेश, नेपाल

मितिः २०८०/०२/२६

**बिषयः स्पष्टिकरण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सुचना**

यस कार्यालय अन्तर्गत तपशिल बमोजिमका ठेक्काहरुमा सम्बन्धित निर्माण व्यवसायीलाई तोकिएको समयसीमा भित्र कार्य सम्पन्न गर्न यस कार्यालयबाट पटक पटक लिखित/मौखिक जानकारी गराउदा समेत लामो समयदेखी निर्माण कार्य अधुरो अवस्थामा राखेको, निर्माण कार्य सम्पन्न गराउने तर्फ कुनै पनि अग्रसरता नदेखाएको, स्व-घोषित कार्यतालिका अनुसार अपेक्षित प्रगति हासिल गर्न नसकेको देखिन्छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०, १२० क तथा सम्झौताको GCC clause no 55. GCC clause no 72 मा सम्झौता बमोजिम कार्य सम्पादन नभएमा क्षतिपुर्ति लाग्ने र ठेक्का तोड्न सकिने स्पष्ट व्यवस्था रहेको छ । निर्माण कार्य सम्पन्न मिति २०७९/९/२१, २०७९/१०/१३, २०८०/२/४, मा तथा मौखिक रुपमा पटक पटक ताकेता गर्दा समेत निर्माण व्यवसायिले लापरवाही गरी लामो समयसम्म निर्माण कार्य अलपत्र पार्दा राज्यलाई हानि नोक्सानि भएको त छँदैछ; उक्त सडकमा सर्वसाधारण तथा आम जनतालाई जोखिमयुक्त यात्रा गर्नुपर्ने बाध्यता समेत रहेको छ । साथै अब पनि निर्माण कार्य समयमै सम्पन्न हुन्छ भन्ने विश्वास कार्यालयलाई नभएको हुँदा तपाईलाई प्रचलित सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ तथा सम्झौताको शर्तहरु GCC 72.1, 73.2, 72.3b, GCC 74 बमोजिम ठेक्का सम्झौता अन्त्य गरी कारवाही किन नगर्ने ? यदि ठेक्का तोड्नु नपर्ने मनासिव कारण भएमा आजको मितिले तिन दिनभित्र आधिकारिक प्रतिनिधि स्वमं कार्यालयमा उपस्थित भई पेश गर्नहुन यो सुचना जारी गरिएको छ । अन्यथा ठेक्का सम्झौताको शर्तहरु तथा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम ठेक्का अन्त्य गरी कालोसुचिको लागि प्रक्रिया अगाडि बढाइने समेत जानकारी गरिन्छ ।

तपशिलः

| क्रस | ठेक्का नं | कामको विवरण | निर्माण व्यसायीको नाम |
|---|---|---|---|
| १ | WORKS/MRMO/078-79/03 | Construction and Upgrading of Beteni Bisauni Banakhu Road | Radha Krishna & Brother Construction Pvt. Ltd, Sindhupalchowk |
| २ | WORKS/MRMO/078-79/04 | Construction and Upgrading of Mahadevtar Sardung Budhakhani Road | Ganga and Sing Construction, Namibuddha-8, Kavre |
| ३ | WORKS/MRMO/077-78/16 | Construction and upgrading work of Tarakhase lake syaple bhanjyang road (package 2) | Prince J.K. Builders Company Pvt. Ltd., Hariharpurgadhi-5, Sindhuli |

२०८०/०२/२६

.....................

हरि सिंह बिष्ट

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner